**स्टार्ट फन्ड नेपाल (Start Fund Nepal) मा गै.स.स (NGOs) हरुलाई सदस्यताको लागि आशयपत्र आह्वान**

स्टार्ट फन्ड नेपाल (Start Fund Nepal) अप्रिल २०२१ देखि UK AID को सहयोगमा स्थापना भएको हो जुन ग्लोबल स्टार्ट नेटवर्क अन्तर्गतको संजाल हो र एक वर्षको पाइलट फेज सकिएर अब दोस्रो फेज अप्रिल २०२२ देखि मार्च २०२४ सम्मको लागि केएर नेपालको (CARE Nepal) होस्ट अर्न्तगर्त रहेको छ । यो एक स्थानीय नेतृत्वमा आधारित आर्थिक सहयोग संयन्त्र हो जुन यसका २२ सदस्य (६ वटा गैह्र-सरकारी संघसंस्थाहरू र बाकीँ अन्तर्राष्ट्रिय गैह्र-सरकारी संघसंस्थाहरू) द्धारा सञ्चालित छ । यसले १. साना तथा मझौला स्तरको विपद् २. आसन्न संकटको पूर्वअनुमान, ३. मानवीय संकटमा बढोतरी भई दीर्घकालिन रुपमा असर पार्न सक्ने, विपद्को अवस्थामा सहयोग गर्दछ ।

स्टार्ट फन्ड नेपाल सदस्यताको लागि योग्य गैह्र-सरकारी संघसंस्थाहरुले आवेदन दिनको लागि यो आशयपत्रको आह्वान गरिएको छ । सदस्यताको लागि १० वटा गैह्र-सरकारी संघसंस्थाहरु योग्य रहने छन्, जसमध्ये ७ संस्थाहरु ७ प्रदे शबाट, ३ संस्थाहरु क्रमश महिला, अपाङ्गता र युवा नेतृत्व रहेको साथै उक्त क्षेत्रमा कार्यरत रहनु भएका संस्थाहरुबाट छनौट गरिनेछ । सम्पूर्ण सदस्यता स्वंयसेवक (volunteer) को रुपमा रहने छ तथा उक्त संस्थाहरु स्टार्ट फन्डको सदस्य हुने छन् तर यसमा रहनु भनेको आर्थिक कोष (fund) को सुनिश्चितता भएको भन्ने होइन ।

गैह्र-सरकारी संघसंस्थाहरूले सदस्यता प्राप्त गर्न तल उल्लेखित अनुसारको मापदण्ड अनिवार्य रुपमा पुरा गरेको हुनु पर्ने छ;

- हालका सदस्यहरुसँग विगदमा साझेदारी गरेको हुनु पर्ने,
- विपद् हुने क्षेत्र/जिल्लाहरुमा बृहत भौगोलिक कार्य क्षेत्र रहेको हुनु पर्ने,
- विपद् उद्दार कार्यहरु, बहु-जोखिम तथा मानवीयता सहयोग सम्बन्धी कार्यक्रमहरु कम्तीमा ५ वर्षसम्म सफल रुपमा संचालन गरेको अनुभव ।

नागरिक समाज, युवा समूहहरुको सञ्जाल तथा स्थानीय तहहरु सँग राम्रो सहकार्य अनुभव भएको,

○ सुदृढ तथा सवल संस्थागत आन्तरिक सुशासनका अभ्यासहरु अवलम्बन गरेको ।

- ○ संस्थाको रणनैतिक योजना रहेको र संस्था संचालनार्थ आवश्यक पर्ने नीति तथा नियमावलीहरु तयार गरि लागु गरेको ।
- ○ संस्थाको कार्यसमिति, कर्मचारी तथा सदस्यहरुमा सामाजिक समाबेशीकरणको अभ्यास लागु भएको ।

- DLSA को कार्य अनुभव वा जिल्ला तहको सदस्य भएको वा क्लस्टरमा काम गरेका अनुभवी संसस्थाहरुलाई प्राथमिकता दिइने छ,
- महिला, अपाङ्गता र युवा नेतृत्व रहेको संस्थाहरुको हकमा उक्त क्षेत्रमा कार्यरत रहनु भएका संस्थाहरुबाट छनौट गरिनेछ ।

इच्छुक स्थानीय गैह्र-सरकारी संघसंस्थाहरुले यस आशय पत्रको आवेदन संगै आवश्यक कागजातहरु जस्तै संस्थागत पार्श्वचित्र (प्रोफाइल) (कर्मचारी, कोष व्यवस्थापन, कोषको श्रोत, आपूर्ति संरचना, विषयगत कार्य क्षेत्र, GESI संरचना, स्थानीय क्षेत्रमा कार्य अनुभव रहेको कार्यालयहरुको सुची, संस्था नवीकरणको प्रमाण). इच्छुक स्थानीय गैह्र-सरकारी संघसंस्थाहरुले यस ईमेल npl.carenepal@care.org मा वा आशयपत्र पेश गर्नु हुन तथा निम्न लिखित ठेगानामा पनि पठाउन हुन अनुरोध गरिन्छ ।

केएर नेपाल (CARE Nepal)
ठेगानाः घर नम्बर ७७७/३४, झम्सिखेल, ललितपुर
फोन न.: ०१-५४२२८००
इमेलः npl.carenepal@care.org
वेभसाइटः https://www.carenepal.org/
आवेदन दिने अन्तिम मितिः ५ भदौ २०७९

**पुनश्चः**

अधिक जानकारीको लागि स्टार्टफन्ड नेपालले मिति २०७९ श्रावण २६ गते १२ बजे विशेष सेसन संञ्चालन गर्दैछ । इच्छुक आवेदकले तलको लिंकमा गई दर्ता (Register) गर्नु हुन अनुरोध गर्दछौ ।

लिंकः https://us06web.zoom.us/meeting/register/tZYsfuuvqzosGNyDsllA9TQ60YU7bLviilZV